# राजर्षिजनक विश्वविद्यालय

## सेवा आयोगको कार्यालय

## प्राध्यापन सेवा (शिक्षक) तथा प्रशासन सेवा (कर्मचारी) का लागि खुला तथा समावेशी प्रतियोगितामार्फत् पदपूर्ति गरिने पदहरूको दरखास्त आह्वानसम्बन्धी सूचना

सूचना प्रकाशन मिति : २०८२/१०/०२ गते।

राजर्षिजनक विश्वविद्यालय शिक्षक कर्मचारी सेवा नियमावली, २०७५ को परिच्छेद ३ को नियम ३.२ बमोजिम प्राध्यापन सेवा (शिक्षक) तथा प्रशासन सेवा (कर्मचारी) तर्फका विभिन्न पदको खुला तथा समावेशी प्रतियोगिताद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरूबाट मिति २०८२/१०/०२ देखि मिति २०८२/११/०७ गतेसम्म (दोब्बर दस्तुर तिरेर मिति २०८२/११/१४ गतेसम्म) यस विश्वविद्यालय सेवा आयोगको वेभसाइट vacancy.rju.edu.np/ को Online Application मार्फत् दरखास्त आह्वान गरिन्छ। अनलाईन फारम २०८२ माघ ११ गतेबाट भर्न सकिनेछ। म्याद नाघी प्राप्त हुन आएका र रीत नपुगेका दरखास्त उपर कुनै कारबाही हुने छैन।

### प्राध्यापन सेवा (शिक्षक) तर्फ

| क्र.सं. | विज्ञापन नं. | पद | विषय | माग पद संख्या |
|---|---|---|---|---|
| १. | १/०८२-८३ | सह प्राध्याक | Management | खुला १ (एक) |
| २. | २/०८२-८३ | सह प्राध्याक | Computer Science/IT/Computer Application | खुला १ (एक) |
| ३. | ३/०८२-८३ | सह प्राध्याक | Clinical/Medical Microbiology or Clinical/Medical Biochemistry or Hematology | खुला १ (एक) |
| ४. | ४/०८२-८३ | सह प्राध्याक | Chemistry | खुला १ (एक) |
| ५. | ५/०८२-८३ | उप प्राध्याक | Public Health | खुला १ (एक), महिला १ (एक) |
| ६. | ६/०८२-८३ | उप प्राध्यापक | Law | खुला २ (दुई), महिला १ (एक) |
| ७. | ७/०८२-८३ | उप प्राध्यापक | Computer Application | खुला १ (एक), महिला १ (एक) |
| ८. | ८/०८२-८३ | उप प्राध्यापक | Computer Science | खुला १ (एक), महिला १ (एक) |
| ९. | ९/०८२-८३ | उप प्राध्यापक | Information Technology | खुला १ (एक) |
| १०. | १०/०८२-८३ | उप प्राध्यापक | English | खुला १ (एक) |
| ११. | ११/०८२-८३ | उप प्राध्यापक | Economics | खुला १ (एक) |
| १२. | १२/०८२-८३ | उप प्राध्यापक | Statistics | खुला १ (एक) |
| १३. | १३/०८२-८३ | उप प्राध्यापक | Mathematics | खुला १ (एक) |
| १४. | १४/०८२-८३ | उप प्राध्यापक | Management | खुला २ (दुई), महिला १ (एक), आ.ज. १ (एक) |
| १५. | १५/०८२-८३ | उप प्राध्यापक | Clinical/Medical Microbiology | खुला १ (एक) |
| १६. | १६/०८२-८३ | उप प्राध्यापक | Clinical/Medical Biochemistry | खुला १ (एक) |
| १७. | १७/०८२-८३ | उप प्राध्यापक | Hematology | खुला १ (एक) |
| १८. | १८/०८२-८३ | उप प्राध्यापक | Geotechnical Engineering | खुला १ (एक) |
| १९. | १९/०८२-८३ | उप प्राध्यापक | Structure Engineering | खुला १ (एक) |
| २०. | २०/०८२-८३ | उप प्राध्यापक | Water Resource/Land and Water Engineering | खुला १ (एक) |
| २१. | २१/०८२-८३ | उप प्राध्यापक | Civil Engineering | खुला १ (एक) |
| २२. | २२/०८२-८३ | उप प्राध्यापक | Agronomy | खुला १ (एक) |

### प्रशासन सेवा (कर्मचारी) तर्फ

| क्र.सं. | विज्ञापन नं. | पद | माग पद संख्या |
|---|---|---|---|
| १. | २३/०८२-८३ | शाखा अधिकृत | खुला २ (दुई), महिला १ (एक) |
| २. | २४/०८२-८३ | लेखा अधिकृत | खुला २ (दुई), महिला १ (एक) |
| ३. | २५/०८२-८३ | प्राविधिक अधिकृत (कम्प्युटर) | खुला १ (एक) |
| ४. | २६/०८२-८३ | मुख्य कार्यालय सहायक | खुला १ (एक), महिला १ (एक) |
| ५. | २७/०८२-८३ | मुख्य लेखा सहायक | खुला १ (एक), महिला १ (एक) |
| ६. | २८/०८२-८३ | मुख्य प्राविधिक सहायक (IT) | खुला १ (एक) |
| ७. | २९/०८२-८३ | मुख्य प्राविधिक सहायक (MLT) | खुला १ (एक) |
| ८. | ३०/०८२-८३ | कार्यालय सहायक | खुला १ (एक) |
| ९. | ३१/०८२-८३ | लेखा सहायक | खुला १ (एक) |
| १०. | ३२/०८२-८३ | पुस्तकालय सहायक | खुला १ (एक) |
| ११. | ३३/०८२-८३ | ल्याब ब्वाई | खुला १ (एक) |

द्रष्टव्य

१. **आवेदन दस्तुर** : प्राध्यापन सेवा (शिक्षक) तर्फ सह प्राध्यापकका लागि रू. ४,५००।-, उप प्राध्यापकका लागि रू. ४,०००।-, प्रशासन सेवा (कर्मचारी) तर्फ अधिकृतस्तरका लागि रू. ३,०००।-, मुख्य कार्यालय सहायक वा सो सरहका लागि रू. २,५०० र सहायकस्तरका लागि रू. २,०००।- अनइलाइन प्रणालीमार्फत् बुझाउनु पर्नेछ । समावेशी समूहमा समेत आवेदन दिने उम्मेदवारका लागि प्रति थप समूहबापत् २० प्रतिशत थप शुल्क लाग्नेछ। आवेदन दिने म्याद नाघेको मितिदेखि ७ दिनसम्म विलम्ब शुल्कको रूपमा दोब्बर दस्तुर तिरी आवेदन दिन सकिनेछ। एक पटक बुझाइसकेको दस्तुर फिर्ता हुने छैन ।

२. **उमेर हद** : सह प्राध्यापक पदका लागि ५० वर्ष उमेर ननाघेको ।
उपप्राध्यापक पदका लागि २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको ।
प्रशासन सेवा अधिकृतस्तरको पदका लागि २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
प्रशासन सेवा सहायकस्तरको पदका लागि १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
तर, विश्वविद्यालयको करार र कोर्ष करार सेवामा रहेका बहालवाला शिक्षक तथा अस्थायी वा करारमा कार्यरत बहालवाला कर्मचारीलाई उमेरको हद लाग्ने छैन ।

३. **शैक्षिक योग्यता** :

**सहप्राध्यापक** : मान्यता प्राप्त विश्वविद्यालय अथवा शिक्षण संस्थाबाट सम्बन्धित विषयमा कम्तिमा द्वितीय श्रेणिमा स्नातकोत्तर गरी विद्यावारिधि (पिएचडी) उपाधि प्राप्त गरेको र कुनै पनि विश्वविद्यालय वा शैक्षिक प्रतिष्ठानमा पूर्णकालीन शिक्षकको रूपमा कम्तिमा ८ वर्ष स्नातक तह वा सोभन्दा माथिका शैक्षिक कार्यक्रममा अध्यापन गरेको र राजर्षिजनक विश्वविद्यालय कर्मचारी नियुक्ति तथा बढुवाको सिफारिससम्बन्धी विनियम, २०७६ को परिच्छेद ६, दफा १५ को (च) बमोजिम क, ख वा ग वर्गमा पर्ने विषयगत राष्ट्रिय र अन्तर्राष्ट्रिय जर्नलमा कम्तिमा ५ वटा अनुसन्धानात्मक लेख प्रकाशित गरेको जसमध्ये कम्तिमा २ वटामा Principal Author भएको हुनुपर्ने ।

**उपप्राध्यापक** : मान्यता प्राप्त विश्वविद्यालय अथवा शिक्षण संस्थाबाट सम्बन्धित विषयमा कम्तिमा द्वितीय श्रेणीमा स्नातकोत्तर उपाधि प्राप्त गरेको ।

**शाखा अधिकृत** : मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक वा सो सरह परीक्षा उत्तीर्ण गरेको ।

**लेखा अधिकृत** : मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन वा वाणिज्य शास्त्र विषयमा स्नातक वा सो सरह परीक्षा उत्तीर्ण गरेको ।

**प्राविधिक अधिकृत (कम्प्युटर)** : मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विषयमा स्नातक वा सो सरह परीक्षा उत्तीर्ण गरेको ।

**मुख्य कार्यालय सहायक** : मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाणपत्र तह वा सो सरह परीक्षा उत्तीर्ण गरेको ।

**मुख्य लेखा सहायक** : मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन वा वाणिज्य शास्त्र विषयमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह परीक्षा उत्तीर्ण गरेको ।

**मुख्य प्राविधिक सहायक (IT)** : मान्यता प्राप्त शिक्षण संस्थाबाट Diploma in Computer Engineering (प्रवीणता प्रमाणपत्र तह) वा सो सरहको परीक्षा उत्तीर्ण गरेको ।

**मुख्य प्राविधिक सहायक (MLT)** : मान्यता प्राप्त शिक्षण संस्थाबाट Certificate in Medical Lab विषयमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरेको ।

**कार्यालय सहायक** : मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका (एस.एल.सी./एस.ई.ई) वा सो सरह परीक्षा उत्तीर्ण गरेको ।

**लेखा सहायक** : मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका (एस.एल.सी./एस.ई.ई) वा सो सरह परीक्षा उत्तीर्ण गरेको ।

**पुस्तकालय सहायक** : मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका (एस.एल.सी./एस.ई.ई) वा सो सरहको परीक्षा उत्तीर्ण गरी सम्बन्धित क्षेत्रमा १ महिनाको संस्थागत तालिम प्राप्त गरेको ।

**ल्याब ब्वाई** : मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका (एस.एल.सी./एस.ई.ई) वा सो सरहको परीक्षा उत्तीर्ण गरेको ।

४. विज्ञापन प्रकाशन भएपछि प्राप्त शैक्षिक योग्यता, अनुभव र सेवा अवधिलाई मान्यता दिने छैन ।

५. आफ्नो शैक्षिक योग्यता अनुसारको पेशामा संलग्न हुन अनुमति पत्र (License) आवश्यक पर्ने भएमा वा आफ्नो पेशा व्यवसायसँग सम्बन्धित काउन्सिलमा दर्ता गर्नुपर्ने भएमा सोको अनुमित पत्र र दर्ता प्रमाणपत्र (नविकरणसहित) संलग्न गर्नु पर्नेछ ।

६. निम्न कागजातहरू डिजिटल फाइल (pdf) अनलाइन फारामका साथ अपलोड गर्नुपर्नेछ ।
(क) हालसालै खिचिएको पासपोर्ट साइजको फोटो
(ख) आधिकारिक हस्ताक्षर
(ग) नागरिकता
(घ) एसएलसी/एसइईदेखि माथिका सबै शैक्षिक योग्यताको लब्धाङ्क पत्र र प्रमाणपत्रहरू, समकक्षताको प्रमाण पत्र
(ङ) विश्वविद्यालयमा प्राध्यापक सेवा तथा प्रशासन सेवामा कार्यरत कर्मचारीको हकमा सेवामा बहाल रहेको कार्यालय प्रमुखद्वारा प्रमाणित गरिएको कागजात ।

७. प्रचलित नेपाल कानून बमोजिम स्थापित विश्वविद्यालय बाहेक अन्य विश्वविद्यालयबाट प्राप्त गरेको शैक्षिक उपाधिको आधिकारिक निकायबाट प्राप्त समकक्षता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ । अन्यथा आवेदन फाराम स्वीकार गरिने छैन ।

८. प्रतियोगी आवेदकको स्नातकोत्तर उपाधि आवेदन गर्न चाहेको विषयसँग बाझिने देखिएमा सम्बन्धित डीनको कार्यालयबाट विषय प्रमाणित पत्र समावेश गर्नु पर्नेछ ।

९. **समावेशितर्फ आदिवासी/जनजातिका हकमा**: नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराएको कागजात ।

१०. योग्यतासम्बन्धी अन्य व्यवस्थाहरू राजर्षिजनक विश्वविद्यालय शिक्षक तथा कर्मचारी सेवा नियमावली, २०७५ को नियम ३.४ ले गरेको व्यवस्था बमोजिम हुनेछ ।

विज्ञापनसम्बन्धी अन्य विवरण विश्वविद्यालयको वेभसाइट https://rju.edu.np/ मा हेर्न सकिनेछ ।

**द्रष्टव्य** : परीक्षाको कार्यक्रम सेवा आयोगले पछि तय गरेबमोजिम हुनेछ ।